## लोक सेवा आयोग
## नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रशासन, प्रशासन/आर्थिक प्रशासन, प्रशासन/सि.ए., आठौं, उपप्रबन्धक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा
२०७८।०८।२१

पत्र : प्रथम
समय : ३ घण्टा
पूर्णाङ्क : १००

विषयः प्रशासन र व्यवस्थापन

| प्रत्येक **खण्ड**को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । |
|---|

### खण्ड "क" — ५० अङ्क

१. संगठनमा गुनासो व्यवस्थापनसम्बन्धी व्यवस्था कति आवश्यक देख्नुहुन्छ? गुनासो व्यवस्थापनका लागि आवश्यक संयन्त्र र विधिबारे जानकारी गराउनुहोस् । ४+६=१०

२. वार्ता र सम्झौतासम्बन्धी सैद्धान्तिक र व्यवहारिक ज्ञानको अभावले सार्वजनिक क्षेत्रका प्रशासकहरू कतिपय समस्या समाधान गर्न तथा संस्था एवं राष्ट्रको हित रक्षा गर्न असफल भएका छन् भन्ने आरोप लाग्ने गरेको पाईन्छ । यस पृष्ठभूमिमा विद्यमान समस्याहरूको पहिचान गरी वार्ता तथा सम्झौतासम्बन्धी कार्यको चरणबद्ध जिम्मेवारी र उच्च व्यवस्थापकको भूमिका सम्बन्धमा विश्लेषणात्मक उत्तर दिनुहोस् । ८+६+६=२०

३. अन्य सुधारका अतिरिक्त कानूनको शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात गरी सर्वसाधारणले पाउनु पर्ने सेवा, छिटो छरितो तथा कम खर्चिलो ढंगबाट पाउने अवस्था सृजना गर्न २०६४ सालमा सुशासन (व्यवस्थापन तथा संचालन) ऐन लागू गरियो । नागरिक वडापत्रको व्यवस्था गरियो । सार्वजनिक सुनुवाईको व्यवस्था गरियो । पछिल्लो समयमा नागरिक एप्सको पनि व्यवस्था गरियो । तर सर्वसाधारणले चाहिएको समयमा, चाहिएको मात्रामा र व्यहोर्न सक्ने लागतमा सार्वजनिक सेवा पाउन सकेका छैनन् । यस परिप्रेक्ष्यमा सार्वजनिक सेवा प्रवाहमा रहेका कठिनाई तथा समस्या पहिचान गरी समस्याको समाधानका लागि कार्यान्वयनयोग्य सुझाव र सुझाव कार्यान्वयनको मार्गचित्रसमेत प्रस्तुत गर्नुहोस् । ५+५+५+५=२०

### खण्ड "ख" — ५० अङ्क

४. नेपाल नागरिक उड्डयन प्राधिकरणका विद्यमान चुनौतीहरू पहिचान गर्दै यी चुनौतीहरूको सामना गर्न व्यवस्थापनले लिनुपर्ने पहलकदमीबारे बुँदागत र संक्षिप्त सुझाव दिनुहोस् । ५+५=१०

क्रमशः ...

५. नेपाल सरकारले राष्ट्रिय गौरवका भनेर तोकेका २४ विभिन्न आयोजनाहरूमध्ये कुनै एक आयोजना पनि शुरूको अनुमानित लागत र तोकिएको समयमा सम्पन्न हुन सक्ने अवस्था देखिँदैन । यी राष्ट्रिय गौरवका आयोजनाहरूमात्र होईन अपवादबाहेक अन्य कुनै आयोजना पनि निर्धारित परिमाण तथा गुणस्तरसहित अनुमानित लागत र तोकिएको समयमा सम्पन्न हुने गरेका छैनन् । सार्वजनिक जवाफदेहिता र उत्तरदायित्वलाई मनन गर्दै नेपालमा आयोजना व्यवस्थापनका समस्या पहिचान गर्नुहोस् र समस्या समाधानका सुझावसहित कार्यान्वयन कार्ययोजना पेश गर्नुहोस् ।

७+८+५=२०

६. नेपालमा वर्षेनी उल्लेखनीय मात्रामा दातृ राष्ट्र र निकायहरूबाट सहयोग प्राप्त हुँदै आएको छ । तर पनि प्रभावकारीरूपमा गरिबी निवारण हुन सकेको छैन । गरिबी निवारण गर्नका लागि वैदेशिक सहयोगको उपयोगमा के-कस्ता समस्या देखापरेका छन्? ती समस्याको समाधान कसरी गर्न सकिन्छ? विवेचनासहित सुझाव दिनुहोस् । १०+१०=२०

:: समाप्त ::